


# अर्जेन्टिनाविरुद्ध क्रोएसिया



यस खेललाई लियोनेल मेसी भर्सेज लुका मोड्रिचका रूपमा पनि हेरिएको छ। त्यस्तै बार्सिलोनामा मेसीसँगै खेल्ने इभान राकटिच पनि मेसीविरुद्ध कस्तो खेल्छन् कौतुहलताको विषय बनेको छ। क्रोएसियामा मोड्रिच र राकिटिचका अलावा इभान पेरिसिक, मारिओ मान्डजुकिकजस्ता सशक्त खेलाडी रहेका छन्। लुका मोड्रिच रियल मेड्रिडका उत्कृष्ट मिडफिल्डर हुन्। यस्तै बार्सिलोनाका मिडफिल्डर इभान राकिटिच पनि क्रोएसियाका महत्त्वपूर्ण हतियार हुन्। मोड्रिच र राकिटिकले क्रोएसियाको मिडफिल्ड सम्हाल्नेछन्। स्ट्राइकर मारियो मान्डजुकिकले उत्कष्ट प्रर्दशन गर्ने अपेक्षा गरिएको छ।

जारी विश्वकपमा समूहको पहिलो खेलमा नाइजेरियालाई २-० ले हराएर क्रोएसियाले आफ्नो क्षमता प्रस्तुत गरिसकेको छ। त्यसअघि क्राऐसियाले विश्वकप छनौट चरणमा पनि राम्रो खेल प्रदर्शन गर्दै आफू बलियो टिम भएको प्रमाणित गरेको थियो। क्रोएसियाका लागि सन् १९९८ को विश्वकपमा अर्जेन्टिनासँग १-० ले हारेको बदला लिने अवसरसमेत जुरेको छ।

समूहको पहिलो खेलमा आइसल्यान्डविरुद्ध गरेको प्रदर्शनलाई विश्लेषण गर्ने हो भने पनि अर्जेन्टीनाका लागि क्रोएसियाविरुद्धको खेल महत्त्वपूर्ण बनेको छ। पहिलो खेलबाट अर्जेन्टीनाले एक मात्र अंक जोडेको छ। पछिल्ला तथ्यांकलाई आधार मान्ने हो भने क्रोएसिया आइसल्यान्डभन्दा बलियो टोलीसमेत हो। पहिलो खेलमा जर्ज साम्पोलीको प्रशिक्षणमा रहेको अर्जेन्टीनाले नवप्रवेसी टोली आइसल्याण्डविरुद्ध गरेको प्रदर्शनलाई सन्तोष मान्न सकिन्न। अर्जेन्टिनाले रक्षात्मक रणनीतिको आइसल्यान्डसँग १-१ गोलको बराबरीमै चित्त बुझाउनुपरेको थियो। उक्त खेलमा लियोनेल मेसीलाई कडा मार्कमा राखेको आइसल्यान्डको डिफेन्सलाई भेड्न अर्जेन्टिनाका स्ट्राइकरहरू असफल भए। पहिलो खेलमा पेनाल्टीसमेत गोलमा परिणत नगरेका कारण क्रोएसियाविरुद्धको खेलमा मेसीलाई मानसिक दबाब बढ्न सक्नेछ। यदि क्रोएसियाविरुद्धको खेलमा अर्जेन्टिना टोलीले मेसीमा मात्र भर परेमा भने सुखद् नतिजाबाट विमुख हुन सक्नेछ। समूहको पहिलो खेलमा झैं मेसी कडा निगरानीमा परेमा एन्जेल डी मारिया, गोन्जालो हिग्वेन, सर्जियो अगुएरो, पाउल डिबालाजस्ता अन्य स्ट्राइकरहरू चल्न जरुरी छ।

छनौट चरणमा संघर्षपूर्ण यात्रा तय गरेर रुस पुगेको अर्जेन्टिनाले आफ्नो खेलमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ। स्टार खेलाडीहरूले भरिएको अर्जेन्टिनाको पछिल्ला प्रदर्शनले दर्शकहरूलाई निकै निराश बनाएको थियो। लियोनेल मेसीमाथि भर पर्दा टिमका अन्य खेलाडीहरूको प्रदर्शन ओझेलमा पनि परेको छ। आफ्नो क्षमताअनुसार प्रदर्शन गरे अर्जेन्टिना यस समूहबाट सजिलै दोस्रो चरणमा पुग्न सक्छ अन्यथा 'सरप्राइज फ्याक्टर' को शिकार अर्जेन्टिना हुन सक्दछ। अर्जेन्टिना हाल विश्व वरियताको पाँचौ स्थानमा रहेको छ। क्रोएसिया विरुद्धको खेलमा अर्जेन्टिनाको सम्भावित रणनीति ४-३-३ हुन सक्नेछ। यस्तै विश्व वरियताको १८औं स्थानमा रहेको क्रोएसियाको सम्भावित रणनीति भने ४-२-३-१ हुन सक्नेछ।

### हेड टु हेड

यी दुईले अहिलेसम्म ४ म्याच एक अर्काविरुद्ध खेलेका छन्। जसमध्ये अर्जेन्टिनाले २ पटक जित र समान एक-एक पटक बराबरी र हार बेहोरेका छन्।

अर्जेन्टिना Vs क्रोएसिया

| मिति | अर्जेन्टिना | क्रोएसिया | खेल |
|---|---|---|---|
| ४ जून १९९४ | ० | ० | (मैत्रीपूर्ण खेल) |
| २६ जून १९९८ | १ | ० | (विश्वकप १९९८) |
| १ मार्च २००६ | २ | ३ | (मैत्रीपूर्ण खेल) |
| १२ नोभेम्बर २०१४ | २ | १ | (मैत्रीपूर्ण खेल) |



# फ्रान्सविरुद्ध पेरु

फ्रान्सले ३६ वर्षपछि विश्वकपमा छनोट भएको दक्षिण अमेरिकी मुलुक पेरूसँग समूह सी को दोस्रो म्याच बिहीबार खेल्दै छ। पहिलो खेलमा अस्ट्रेलियाविरुद्ध संघर्षपूर्ण २-१ को जित निकालेको फ्रान्सका लागि पेरू तुलनात्मक कमजोर टोली हो। पहिलो खेलबाट ३ अंक जोडिसकेको फ्रान्सका लागि दोस्रो खेल जित्नु भनेको अन्तिम १६ को ढोका खोल्नु सरह हो। फ्रान्सका पाउल पोग्बा त्यस्ता खेलाडी हुन्, जसले विपक्षीसँग एक्लै खेल्ने क्षमता राख्छन्। एथ्लेटिको मेड्रिडबाट यो सिजन युरोपा लिग जितेका एन्टोनी ग्रिजम्यान पनि उत्कृष्ट लयमा छन्।

यता पहिलो खेलमा पेनाल्टीको अवसरमा गोल गर्न नसकेपछि पेरुलाई डेनमार्कले १-० ले पराजित गरेको थियो। उक्त खेलमा बल पोजिसन राम्रो बनाए पनि स्ट्राइकरहरूमा फिनिसिङको अभाव देखिएको थियो। पेरुका सर्वाधिक गोलकर्ता गुरेरोको अनुपस्थितिमा जेफर्सन परफानलाई विश्वकपमा आक्रमणको जिम्मेवारी दिइए पनि पहिलो खेलमा उनको प्रदर्शन फिका रह्यो। यस्तै मिडफिल्डमा क्रिस्टन क्यूबाले पनि धेरै बल होल्ड गर्ने बानी सुधार्न आवश्यक छ। यदि स्ट्राइकरहरूले फिनिसिङमा सुधार गर्ने हो भने फ्रान्सविरुद्ध पेरुले सनसनी नतिजा निकाल्न नसक्ला भन्न सकिन्न। यदि पेरू समूहको दोस्रो खेलमा फ्रान्ससँग हारेमा जारी विश्वकपबाट बाहिरिने निश्चित छ। फिफा वरियताको ११औं स्थानको पेरूको सम्भावित रणनीति ४-२-३-१ हुनेछ भने फिफा वरियताको सातौं स्थानको फ्रान्सको सम्भावित रणनीति ४-३-३ हुनेछ।

### हेड टु हेड

यी दुईबीच एकपटक मात्र म्याच भएको छ। सन् १९८२ को अप्रिल २८ भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा पेरूले फ्रान्सलाई १-० ले पराजित गरेको थियो।

फ्रान्स Vs पेरु

# दक्षिण एसियाका भाग्यमानी

(स्रोत: साधना,पूर्णाङ्क-१०१, विश्वकप फुटबल २००२ विशेषांक

महेश्वर राउत, स्व.रोशन श्रेष्ठ, रूपकराज शर्मा, स्व.श्याम श्रेष्ठ, स्व.हिरा वज्राचार्य, कमल लामा, जीवन श्रेष्ठ, विश्वजंग गुरुङ, पदम विष्ट, मथुरा राम श्रेष्ठ, गोपालमुकुन्द जोशी, बुद्धिबहादुर गुरुङ, ज्ञानीराजा श्रेष्ठ, श्रीराम रञ्जितकार, सुरेन्द्र सिखाकार, देवन्द्र विष्ट, दिलीप रजक, श्याम लामा, कैलाश श्रेष्ठ, नरेन्द्र श्रेष्ठ, नरेन्द्र बस्नेत, गजेन्द्रमान सिंह, दुर्गा विक, बिनोद केसी, किरण गिरी, मधुसूदन खनाल, श्रीमती कल्पना शर्मा र वीरेन्द्र पाण्डे अहिलेसम्म नेपालका फिफा रेफ्री तथा सहायक रेफ्री हुन्।

नेपालका फिफा तथा सहायक रेफ्रीहरू दक्षिण एसियामा नै केन्द्रित रहे, कमैले एसियासम्म पुग्ने अवसर पाए भने एसियाबाहिर यिनीहरूले कहिल्यै कल्पनासमेत गरेनन्।

तर भारतका कोमलेसवारन शंकर एसियाली खेलकूद, ओलम्पिक हुँदै विश्वकपमा पुगेका छन्। ३९ वर्षीय फिफा सहायक रेफ्री शंकर जापान र कोरियामा सञ्चालन हुने विश्वकपका लागि छानिएका दक्षिण एसियाका एक मात्र भाग्यमानी रेफ्री हुन्।

भारतीय फुटबल संघका सचिव अल्बर्ट कोलाकोले विश्वकपका लागि छानिएको समाचार सुनाउँदा एक पटक शंकरले विश्वास नै गरेनन्, तर फुटबल खेलाडी भएर खेल्दा प्रान्तीय टोलीभन्दा माथि उठ्न नसकेको शंकर यसका लागि योग्य थिए।

बैंककमा सम्पन्न १३औं एसियाली खेलकूद र सिड्नी ओलम्पिकमा आफ्नो भूमिका निभाएका शंकरले अहिलेसम्म ४२ अन्तर्राष्ट्रिय खेलमा सहायक रेफ्री भएर उभिइसकेका छन्।

भारतको फुटबल इतिहासमा विश्वकपका लागि छानिने भारतका पहिलो फिफा सहायक रेफ्री भएको शंकरले विरलै मात्र गलत ठाउँमा झन्डा देखाएका छन्। इन्डोनेसियामा सन् २००१ को फेब्रुअरीमा एसियन क्लब च्याम्पियनसिपका लागि उनलाई चुनिनुअगाडि शंकरलाई २ वर्षअघि मात्र एसियाली फुटबलको सर्वोच्च संस्था एएफसीले उत्कृष्ट सहायक रेफ्रीको अवार्ड पनि प्रदान गरेको थियो।

शंकरकै जतिको क्षमता नेपाली रेफ्रीहरूमा पनि रहेको छ, तर सम्बन्धित निकायहरूको मौनता नै नेपालको फिफा तथा सहायक रेफ्रीहरूका लागि एसियाबाहिरको मैदान कल्पना कल्पनामै सीमित बनेको थियो।

# आयोजक रुस अन्तिम १६ मा

मस्को, (एजेन्सी)

आयोजक राष्ट्र रुसले विश्वकप फुटबलमा लगातार दोस्रो जित दर्ता गर्दै अन्तिम १६ मा स्थान सुरक्षित गरेको छ ।

समुह 'ए' मा रहेको रुसले समूह चरणको दोस्रो खेलमा इजिप्टलाई ३-१ गोल अन्तरले हराएको र अर्को खेलमा उरुग्वे जितेपछि घरेलु टोली नकआउट चरण पुग्यो । पहिलो हाफ गोलविहीन बराबरीमा सकिएको खेलको दोस्रो हाफमा चार गोल भएको थियो। खेलको ४७औं मिनेटमा इजिप्टका कप्तान अहमद फाथीले बल क्लियर गर्ने क्रममा आत्मघाती गोल गरेपछि रुसले अग्रता लिएको थियो।



त्यसपछि रुसले लगातार दुई गोल गऱ्यो। खेलको ५९औं मिनेटमा रुसका डेनिस चेरिसेभले गोल गर्दै अग्रता दोब्बर पारे। जारी विश्वकपमा उनको यो तेस्रो गोलसमेत हो। त्यसको तीन मिनेटपछि नै आर्टिम डेजुबा गोल गरेर रुसलाई ३-० को अग्रता दिलाएका थिए।

यता स्टार स्ट्राइकर मोहम्मद सलाहलाई डिबक्सभित्र रुसी खेलाडीले फाउल गरेको भिडियो रेफ्रीले देखाएपछि इजिप्टले पेनाल्टीको अवसर पाएको थियो। जसलाई ७३औं मिनेटमा सलाहले नै गोलमा परिणत गर्दै खेललाई ३-१ को स्थितिमा ल्याए। विश्वकपमा ३ पटक छनोट भएको इजिप्टका लागि उनले पहिलो विश्वकप गोलसमेत गरेका हुन्। त्यसपछि इजिप्टले थप गोलका लागि प्रयास गरे पनि सफल हुन सकेन र दुई हारसागै प्रतियोगिताबाट बाहिरिनु पऱ्यो ।

समूह चरणको पहिलो खेलमा आयोजक रुसले साउदी अरेबियालाई ५-० गोलले हराएको थियो। यता इजिप्ट भने उरुग्वेसँग १-० गोलले पराजित भएको थियो। दुई खेलमा जित दर्ता गरेको रुस ६ अंक जोड्दै अंक तालिकाको शीर्षस्थानमा छ।

## अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | २ | २ | - | - | ८ | १ | ६ |
| उरुग्वे | २ | २ | - | ० | २ | ० | ६ |
| इजिप्ट | २ | - | - | २ | १ | ४ | ० |
| साउदी अरेबिया | २ | - | - | २ | ० | ६ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| पोर्चुगल | २ | १ | १ | - | ४ | ३ | ४ |
| इरान | १ | १ | - | - | १ | - | ३ |
| स्पेन | १ | - | १ | - | ३ | ३ | १ |
| मोरोक्को | २ | - | - | २ | - | २ | ० |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | १ | १ | - | - | २ | १ | ३ |
| डेनमार्क | १ | १ | - | - | १ | ० | ३ |
| अस्ट्रेलिया | १ | - | - | - | १ | २ | ० |
| पेरु | १ | - | - | १ | ० | १ | ० |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | १ | १ | - | - | २ | ० | ३ |
| अर्जेन्टिना | १ | - | १ | - | १ | १ | १ |
| आइसल्यान्ड | १ | - | १ | - | १ | १ | १ |
| नाइजेरिया | १ | - | - | १ | ० | २ | ० |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| सर्बिया | १ | १ | - | - | १ | - | ३ |
| ब्राजिल | १ | - | १ | - | ० | ० | १ |
| स्विजरल्यान्ड | १ | - | १ | - | ० | ० | १ |
| कोस्टारिका | १ | - | - | १ | ० | १ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मेक्सिको | १ | १ | - | - | १ | ० | ३ |
| स्वीडेन | १ | १ | - | - | १ | ० | ३ |
| दक्षिण कोरिया | १ | - | - | १ | ० | १ | ० |
| जर्मनी | १ | - | - | १ | ० | १ | ० |

समूह 'जी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| बेल्जियम | १ | १ | - | - | ३ | ० | ३ |
| इंग्ल्यान्ड | १ | १ | - | - | २ | १ | ३ |
| ट्युनिसिया | १ | - | - | १ | १ | २ | ० |
| पानामा | १ | - | - | १ | ० | ३ | ० |

समूह 'एच'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| जापान | १ | १ | - | - | २ | १ | ३ |
| सेनेगल | १ | १ | - | - | २ | १ | ३ |
| पोल्यान्ड | १ | - | - | १ | १ | २ | ० |
| कोलम्बिया | १ | - | - | १ | १ | २ | ० |

## आजको खेल

डेनमार्क Vs (सी) अस्ट्रेलिया
समय : बेलुकी ५:४५ बजे/ स्थान : लूजनिगी स्टेडियम, मस्को

फ्रान्स Vs (सी) पेरु
समय : राति ८:४५ बजे/ स्थान : रोस्तोभ एरेना, रोस्तोभ-अन-डन

अर्जेन्टिना Vs (डी) क्रोएसिया
समय : राति ११:४५ बजे/ स्थान : कजान एरेना, कजान

